आज मितिः २०८२/०३/२३ गतेका यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश बहादुर थेबे ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँ कार्यपालिकाको दोस्रो कार्यकालको ५४औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| श्री कुंश बहादुर थेबे | गाउँपालिका अध्यक्ष |
| श्री प्रबिना राई | गाउँपालिका उपाध्यक्ष |
| श्री याम कुमार कार्की | १ नम्बर वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुवेदी | २ नम्बर वडा अध्यक्ष |
| श्री राम घिमिरे | ३ नम्बर वडा अध्यक्ष |
| श्री डुरन देवान | ४ नम्बर वडा अध्यक्ष |
| श्री निर्मलध्वज राई | ५ नम्बर वडा अध्यक्ष |
| श्री दिपेश सोङमी | ६ नम्बर वडा अध्यक्ष |
| श्री कमला न्यौपने | कार्यपालिका सदस्य |
| श्री धनलक्ष्मी सोङमी | कार्यपालिका सदस्य |
| श्री राम कुमारी परियार | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी राई | कार्यपालिका सदस्य |
| श्री अम्बर बहादुर थामी | कार्यपालिका सदस्य |
| श्री छत्र बहादुर दर्जी | कार्यपालिका सदस्य |
| श्री कुमार बस्नेत | सदस्य सचिव |

<u>अन्य उपस्थितिः</u>

प्रस्तावहरु

मिति२०८२/०३/२३ गतेको ५४औ कार्यपालिका बैठकको प्रस्तावनाहरु

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा।
२. आर्थिक सहायता सम्बन्धमा।
३. कर्मचारी तह वृद्दि अनुमोदन सम्बन्धमा।
४. सेवा कालिन तालिमका लागि रकम उपलब्ध गराउने सम्बन्धमा।

निर्णयहरुः-

१. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा ५३औं कार्यपालिका बैठकका अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाईएकोले सन्तोषजनक प्रगति भएको समिक्षा गरियो।

२. २०८१ सालको SEE परिक्षामा ३.८ GPA ल्याई सामुदायिक विद्यालयस्तरमा इलाम जिल्लामा नै सर्वोत्कृष्ट नतिजा हासिल गर्न सफल यस गाउँपालिका वडा नं. १ अन्तर्गत श्री अमर कल्याण मा.वि. नयाँबजारका छात्र श्री राज भट्टराईलाई निजको घरको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको हुँदा उच्च शिक्षा हासिलका लागि छात्रवृत्ति सहयोग स्वरुप रु ३००००/- अन्य सामाजिक संघसंस्था शीर्षकबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरीयो।

३. संघीय लोकसेवा आयोगबाट सिफारीस भइ यस माईजोगमाई गाउँपालिकामा कार्यरत रहनु भएका तपशिल बमोजिमका कर्मचारीहरुको कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन ) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम नियमानुसार जेष्ठता कायम हुने गरी तह वृद्धि गर्ने तह वृद्धि समितिको मिति २०८२।०३।२० गतेको निर्णय बमोजिम तपशिल बमोजिमका कर्मचारीहरुको तह वृद्धि गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो।

तपशिलः

| क्र.स. | कर्मचारीको नाम | साविकको पद/तह | तह वृद्धि भएको पद/तह | तलब समायोजन | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री करुणा नेपाल | अधिकृत स्तर सातौं | अधिकृत स्तर आठौं | नियमानुसार | तलब/तह वृद्धी लागु हुने मिति २०८२/०४/०१ |
| २ | श्री अशोक लिम्बू | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैटौ | | |
| ३ | श्री रविन नेपाल | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैटौ | | |

४. प्रस्तुत विषयमा यस कार्यालयको स्वास्थ्य शाखा अन्तर्गत अ.हे.ब. पदमा कार्यरत श्री फुर्लमु शेर्पा र पशु शेवा शाखामा कार्यरत श्री सुमन लावतीलाई प्रति कर्मचारी सेवाकालिन तालिम खर्च वापत सहयोग स्वरुप रु २००००/- (विस हजार रुपैयाँ मात्र) कर्मचारी तालिम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरीयो।